# मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५४।२।६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मनकामना क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "मनकामना क्षेत्र" भन्नाले गोरखा जिल्ला अन्तर्गत देहायका गाउँ विकास समितिभित्र रहेका स्थानहरू सम्झनु पर्छ :-

१. मनकामना गाउँ विकास समितिका सबै वडाहरू ।

२. वकाङ गाउँ विकास समितिका सबै वडाहरू ।

३. ताक्लुङ गाउँ विकास समितिका सबै वडाहरू ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेत जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **मनकामना क्षेत्र विकास समितिको गठन** : (१) मनकामना क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक र साँस्कृतिक पक्षको संरक्षण, सम्बर्द्धन गर्न मनकामना क्षेत्र विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) गोरखा जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू - सदस्य

(ग) सभापति, गोरखा जिल्ला विकास समिति - सदस्य

(घ) मनकामना क्षेत्रमा विशिष्ट योगदान दिंदै आएका र सो क्षेत्रको विकासमा चासोराख्ने व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखा - सदस्य

(च) मनकामना क्षेत्रसंग सम्बन्धित गाउँ विकास समितिका अध्यक्षहरू - सदस्य

(छ) सम्बन्धित इलाका सदस्य, जिल्ला विकास समिति, गोरखा - सदस्य

(ज) प्रतिनिधि, युवा खेलकूद तथा संस्कृति मन्त्रालय - सदस्य

(झ) प्रमुख, मालपोत कार्यालय, गोरखा - सदस्य

(ञ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मनकामना क्षेत्रको विकास सम्बन्धी योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ख) मनकामना क्षेत्रको विकास सम्बन्धी योजना र कार्यक्रमको कार्यान्वयनका लागि समितिले स्वदेशी वा विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) मनकामना क्षेत्रसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित साँस्कृतिक, धार्मिक, ऐतिहासिक, सामाजिक तथा पुरातात्विक महत्वका वस्तु र स्थानहरूको संरक्षण, सम्बर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) मनकामना क्षेत्रसंग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामाग्रीको संकलन र संरक्षण गर्ने, गराउने ।

(ङ) मनकामना क्षेत्रभित्रका प्राकृतिक सम्पदा, वातावरण तथा पशुपंक्षीको रेखदेख तथा संरक्षण गर्ने, गराउने ।

(च) मनकामना क्षेत्रको महत्व र यसको विकासका निमित्त सभा, सम्मेलन, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गरी प्रचार प्रसार गर्ने, गराउने ।

(छ) मनकामना क्षेत्रको विकास र उन्नतिका निमित्त सरकारी तथा गैरसरकारी संस्थाहरू बीच आवश्यक समन्वय गराउन प्रयत्नरत रहने ।

(ज) मनकामना क्षेत्रभित्र पर्ने देवालय तथा गुफाहरूको खोजतलास गरी त्यसको उचित संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने ।

(झ) मनकामना क्षेत्रमा रहेका शिक्षालय, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन, सार्वजनिक शौचालय, धर्मशाला, धार्मिक साधनास्थल, मठ, मन्दिर वातावरणीय सुधार आदि कुराहरूलाई व्यवस्थित गर्ने ।

(ञ) मनकामना क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्वलाई आघात पुऱ्याउने खालका गतिविधिहरूको सञ्चालनमा नियन्त्रण र निषेध गर्ने ।

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. **समितिका कर्मचारी** : (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुने रकम,

(ङ) समितिसंग सम्बन्धित जिल्ला विकास समिति वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम,

(च) मनकामना देवीको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम मध्ये समितिले तोकेको रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोष रहने रकम नेपाल ...को कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय गोरखा जिल्लाको मनकामना गाउँ विकास समितिमा रहनेछ र आवश्यकतानुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय रहन सक्नेछन् ।

१५. **नियम बनाउने अधिकार** : समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछ ।